श्री ५ को सरकार

# स्वास्थ्य मन्त्रालयको सूचना

## परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूती गृह विकास समिति (गठन) आदेश, २०४६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस आदेशको नाम "परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह विकास समिति (गठन) आदेश, २०४६" रहेको छ ।

१.२ यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "प्रसूति गृह" भन्नाले परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह सम्झनु पर्छ ।

३. समितिको गठनः

३.१ परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

३.२ उपदफा ३.१ बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

३.२.१ श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति – अध्यक्ष

३.२.२ श्री ५ को सरकारद्वारा विशेषज्ञ डाक्टरहरूमध्येबाट मनोनीत बढीमा छ जना – सदस्य

३.२.३ प्रतिनिधि, परोपकार संस्था – सदस्य

३.२.४ श्री ५ को सरकारद्वारा चन्दादातामध्येबाट मनोनीत बढीमा तीन जना – सदस्य

३.२.५ मेट्रोन, प्रसूति गृह – सदस्य

३.२.६ निर्देशक, प्रसूति गृह – सदस्य-सचिव

३.३ उपदफा ३.२.१, ३.२.२ र ३.२.४ बमोजिमका मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३.४ श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

३.५ समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः

४.१ विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई प्रसूति गृहको चिकित्सा स्तर र सेवामा अभिवृद्धि गरी प्रसूति गृहलाई स्वावलम्बी बनाई प्रसूति गृहको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

४.२ उप-दफा ४.१ मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

४.२.१ प्रसूति गृहको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

४.२.२ प्रसूति गृहको विस्तार, निर्माण र मर्मत गर्ने ।

४.२.३ प्रसूति गृहको सेवाको सुधार र विस्तारको लागि आवश्यक साधन र सुविधा व्यवस्था गर्ने ।

४.२.४ प्रसूति गृहको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय वा चिकित्सा शास्त्र अध्ययन संस्थानबाट कर्मचारीहरू काजमा लिने वा समितिले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी करार सेवामा नियुक्त गर्ने ।

४.२.५ श्री ५ को सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

४.२.६ प्रसूतिसम्बन्धी तालीम कार्यक्रम सञ्चालन गर्ने र उक्त कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्साशास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

४.२.७ बहिरंग (आउट पेसेण्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

४.२.८ निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यसको शुल्कको दर निर्धारण गर्ने ।

४.२.९ प्रसूति गृह सञ्चालनसँग सम्बन्धित विषयमा समितिले सिफारिश गरेका उम्मेदवारहरूलाई उच्च तालीमको निमित्त ग्राह्यता दिन श्री ५ को सरकारलाई अनुरोध गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२.१० प्रसूति गृहको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने ।

४.२.११ उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

५. समितिको बैठक र निर्णयः

५.१ समितिको बैठक समितिको अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

५.२ समितिका एक तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

५.३ समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य-सचिवले आवश्यकतानुसार समितिको बैठक बोलाउन सक्नेछ ।

५.४ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.५ समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

५.६ समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

५.७ समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

५.८ समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

५.९ समितिको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ ।

६. समितिको कोषः

६.१ समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ ।

६.१.१ श्री ५ को सरकारबाट प्रसूति गृहका कर्मचारीको निमित्त तलब भत्ताको लागि प्राप्त रकम ।

६.१.२ श्री ५ को सरकारबाट प्रसूति गृह सञ्चालनको लागि प्राप्त अनुदान रकम ।

६.१.३ अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

६.१.४ प्रसूति गृहले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

६.१.५ विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.१.६ अन्य स्रोतबाट प्राप्त रकम ।

६.२ श्री ५ को सरकार वा विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गर्नु पर्नेछ ।

६.३ समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. <u>लेखापरीक्षणः</u>

७.१ समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

७.२ समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

७.३ श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. <u>कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः</u>

८.१ प्रसूति गृहको दरबन्दीमा काम गरिरहेका श्री ५ को सरकारको कर्मचारीहरूले समितिको निर्देशनमा काम गर्नेछन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

८.२ प्रसूति गृहमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ ।

८.३ प्रसूति गृहमा रहेका श्री ५ को सरकारको कर्मचारीको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारवाही तथा सजाय श्री ५ को सरकारको नियमानुसार हुनेछ ।

८.४ प्रसूति गृहमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई निजहरूले प्रसूति गृहमा विशेष सेवा प्रदान गरेवापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

८.५ प्रसूति गृहमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारवाही गर्नु परेमा सो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले श्री ५ को सरकार समक्ष सिफारिश पेश गर्नु पर्नेछ ।

८.६ प्रसूति गृहमा रहेका श्री ५ को सरकारको कर्मचारीलाई अध्ययन बिदा र असाधारण बिदाबाहेक अरू नियमानुसार पाउने बिदा समितिले दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।